## सम्वत् २०८१ साल पुस ११ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:

१. खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयः प्रदेश खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

२. पर्यटन, वन तथा वातावरण मन्त्रालयः कोशी प्रदेश प्रदेश वन ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयकलाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

३. पर्यटन, वन तथा वातावरण मन्त्रालयः कोशी प्रदेश प्रदेश वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

४. पर्यटन, वन तथा वातावरण मन्त्रालयः पर्यटन विकास (तेस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने।

५. आन्तरिक मामिला तथा कानून मन्त्री माननीय रेवती रमण भण्डारीलाई मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको संयोजक तोक्ने।

## सम्वत् २०८१ साल पुस १८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:

१. मिति २०८१।०९।१४ मा बसेको मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको “कोशी प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्री माननीय एकराज कार्कीले प्रदेश सभामा पेश गर्ने।

२. मिति २०८१।०९।१४ मा बसेको मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको “कोशी प्रदेश प्रदेश वन ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक” पर्यटन, वन तथा वातावरण मन्त्री माननीय सदानन्द मण्डलले प्रदेश सभामा पेश गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

३. मिति २०८१।०९।१४ मा बसेको मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको "कोशी प्रदेश प्रदेश वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" पर्यटन, वन तथा वातावरण मन्त्री माननीय सदानन्द मण्डलले प्रदेश सभामा पेश गर्ने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ लाइ संशोधन गर्न बनेको विधेयकलाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

५. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः समस्याग्रस्त सहकारी संस्था वा संघ व्यवस्थापन समितिको कार्यक्षेत्रगत सर्त र समितिको गठन, सेवा सुविधा तथा शर्त सम्बन्धी व्यवस्था स्वीकृत गर्ने।

६. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः प्रदेश जीवनाशक विषादी व्यवस्थापन गर्न बनेको विधेयकलाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

७. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः प्रदेश बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकलाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

८. स्वास्थ्य मन्त्रालयः विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

९. सामाजिक विकास मन्त्रालयः पाथिभरा क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८१, बृहत्तर बराह क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८१ र हलेसी महादेवस्थान विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८१ स्वीकृत गर्ने।

१०. उद्योग, कृषि तथा सहकारी मन्त्रालय: कृषि कर्जामा व्याज अनुदान व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

## सम्वत् २०८१ साल पुस २५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:

१. मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ लाइ संशोधन गर्न बनेको विधेयक" आन्तरिक मामिला तथा कानून मन्त्री माननीय रेवती रमण भण्डारीले प्रदेश सभामा पेश गर्ने।

२. मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको "प्रदेश जीवनाशक विषादी व्यवस्थापन गर्न बनेको विधेयक" उद्योग, कृषि तथा सहकारी मन्त्री माननीय खगेनसिं हाङगामले प्रदेश सभामा पेश गर्ने।

३. मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको "प्रदेश बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" उद्योग, कृषि तथा सहकारी मन्त्री माननीय खगेनसिं हाङगामले प्रदेश सभामा पेश गर्ने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: कोशी प्रदेश लगानी सम्मेलनको मिति संशोधन गरी मिति २०८२ बैशाख १८ र १९ गते आयोजना गर्ने।

५. आन्तरिक मामिला तथा कानून मन्त्रालय: कोशी प्रदेश आम सञ्चार सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकलाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

६. कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन, २०८१ आन्तरिक मामिला तथा कानून मन्त्री माननीय रेवती रमण भण्डारीले प्रदेश सभामा पेश गर्ने।

## सम्वत् २०८१ साल पुस २८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:

१. भौतिक पूर्वाधार विकास मन्त्रालय: प्रदेश भवन ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

२. नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम कोशी प्रदेश, प्रदेश सभाको छैठौं अधिवेशन मिति २०८१।१०।०७ गते सोमवार दिनको २:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने।"



*द्रष्टव्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*